# पाँचौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण

# (माइन्यूट)

Citizens Bank International Ltd.

सिटिजन्स बैंक इन्टरनेसनल लि.

YOUR PARTNER FOR PROGRESS

आर्थिक वर्ष २०६७/२०६८

# सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको पाँचौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट)

**१. वैधानिक सभा**

कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम बैंकको पाँचौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष कुलचन्द्र गौतमज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल तथा देहाय बमोजिम निर्णय भयो ।

**२. सभाको मिति, स्थान र समय**

मिति: २०६८ आश्विन २९ गते, आईतवार (१६ अक्टोबर २०११)
स्थान: नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं
समय: विहान ११:०० बजे प्रारम्भ भई दिउँसो २:४५ बजे सम्पन्न भएको

**३. सभाको सूचना**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम बैंकको पाँचौं वार्षिक साधारण सभाको सूचना तथा सभामा छलफल हुने विषयहरु सम्बन्धी सम्पूर्ण प्रस्तावहरु सबै शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति २०६८।०६।०५ को कान्तिपुर राष्ट्रिय दैनिक र २०६८।०६।०८ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सूचना पनि शेयरधनी महानुभावहरुमा जानकारीको लागि प्रकाशित गरिएको थियो ।

**४. छलफलको विषयहरु**

**क. साधारण प्रस्तावहरु**

१. अध्यक्षज्यूको मन्तव्य तथा संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदनसहित २०६८ आषाढ मसान्तको वासलात र मिति २०६७/०४/०१ देखि २०६८/०३/३२ सम्मको नाफा नोक्सानीको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु स्वीकृत गर्ने ।
३. संचालक समितिबाट प्रस्ताव गरे अनुसार ५.५३ प्रतिशत नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।
४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०६८/६९ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । ( एस आर पाण्डे एण्ड कम्पनी पुनः नियुक्त हुन योग्य रहेको )
५. संस्थापक शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने समूह “क” अर्न्तगत उप-समुह १,२,३ र ४ को संचालकहरुको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्तावहरु**

१. संचालक समितिबाट प्रस्ताव गरे अनुसार ५ प्रतिशत वोनस शेयर वितरण गर्न स्वीकृत गर्ने ।

**ग. विविध**

**५. उपस्थिति**

**५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु**

| | |
|---|---|
| १. श्री कुलचन्द्र गौतम | अध्यक्ष |
| २. श्री प्रदीपजंग पाण्डे | संचालक |
| ३. श्री भोला विक्रम थापा | संचालक |
| ४. श्री बालकृष्ण प्रसाई | व्यवसायिक संचालक |
| ५. श्री मनोहर दास मूल | संचालक |
| ६. श्री प्रकाश चन्द्र मैनाली | संचालक |
| ७. श्री अनिन राजभण्डारी | संचालक |
| ८. श्री अविनाश पन्त | संचालक |

**५.२ अन्य पदाधिकारीको उपस्थिति**

| | |
|---|---|
| १. श्री राजन सिंह भण्डारी | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री गणेश राज पोखरेल | कम्पनी सचिव |

### ५.३ शेयरधनीहरुको उपस्थिति

१. स्वयम् उपस्थित हुने शेयरधनीको संख्या : ७३१
२. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनी संख्या : ८९
३. जम्मा उपस्थित संख्या : ८२०

### ६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

| विवरण | कूल संख्या | जम्मा उपस्थिति | कूल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या | ६५,०७१ | ८२० | ५४.४१ प्रतिशत |
| समूह "क" अर्न्तगत उप-समूह १,२,३,४,५ | २०९ | ७६ | ५३.७७ प्रतिशत |
| सर्वसाधारण समूह "ख" समूह | ६४,८६२ | ७३४ | ०.६४ प्रतिशत |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कूल कित्ता | २,००,००,००० | | ५४.४१ प्रतिशत |

### ७. सभाको वैधानिकता र सभाको सभापतित्व

७.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम यस सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको पाँचौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ७३१ भएको र प्रोक्सी मार्फत ८९ गरि कुल शेयरको ५४.४१ प्रतिशत प्रतिनिधित्व भएको हुंदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

७.२ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउंदै विहान ११:०० बजे अध्यक्ष कुलचन्द्र गौतमज्यूको सभापतित्वमा बैंकको पाँचौं वार्षिक साधारण सभा शुरु गर्न अनुरोध गर्नुभयो ।

७.३ सभाका सभापतिले सभा सञ्चालन गर्नु पूर्व उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्नुभयो र उपस्थित सञ्चालकहरुको परिचय दिनु भई सभाको कार्य अगाडि बढाउनु भयो ।

### ८. वार्षिक साधारण सभाको प्रस्तुती :

१. सभाका अध्यक्षज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आ.व.२०६७।६८ को सञ्चालक समितिको प्रतिवेदन अध्यक्षज्यूले सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

२. तत्पश्चात् अध्यक्षज्यूले सभा समक्ष लेखा परीक्षकको प्रतिवेदन सहितको २०६८ आषाढ मसान्तको वासलात, २०६७।०४।०१ देखि २०६८।०३।३२ सम्मको नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाव र नगद प्रवाह विवरण सहितका सम्पूर्ण वित्तीय विवरणहरु छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

### ९. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

९.१ बैंकको आ.व. २०६७।६८ को वार्षिक प्रतिवेदन, २०६८ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०६७।६८ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात् देहायका शेयरधनीहरुले छलफलको क्रममा प्रत्यक्ष रुपले सहभागी हुँदै देहाय अनुसार जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

**९.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम**

१. अमृत नाथ रेग्मी
२. व्यास कुमार शर्मा
३. नर्सिङ लाल चकु
४. मेजर कुबेर श्रेष्ठ
५. दिनेश राज पन्त
६. दामोदर रेग्मी
७. अशोक उप्रेती
८. इन्द्र कृष्ण श्रेष्ठ
९. डमरु बल्लभ घिमिरे
१०. शिव प्रसाद शर्मा
११. उद्धब प्रसाद घिमिरे
१२. रोज कुमार श्रेष्ठ
१३. राम मान श्रेष्ठ
१४. सुधीर श्रेष्ठ
१५. ईश्वर दास कर्माचार्य
१६. कृष्ण प्रसाद काश्यप अधिकारी
१७. नारायण सुन्दर श्रेष्ठ

**१०. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले सामूहिक रुपमा व्यक्त गर्नुभएका सराहना, जिज्ञासा, सुझाव तथा मन्तव्य**

आ-आफ्नो मन्तव्य प्रकट गर्ने क्रममा अधिकांश शेयरधनीहरुले साधारण सभामा सर्वप्रथम बैंकका अध्यक्ष तथा संचालक र व्यवस्थापनलाई धन्यवाद दिनु भयो र बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो । बैंकको संचालक समितिद्धारा प्रस्तुत गरिएको वार्षिक प्रतिवेदन माथि टिप्पणी गर्दै बैंकवाट भए गरिएको कार्यहरुको मूल्याङकन गरि राम्रा कामको सरहाना तथा देखिएका कमी कमजोरीहरु औल्याउदै आगामी दिनहरुमा सुधार गर्दै लैजानु पर्ने कुरामा जोड दिनु भयो । बैंकको हितका लागि वक्ताहरुले आ–आफ्ना तर्फवाट सुझावहरु प्रस्तुत गर्नु भयो । बैंकसँग संलग्न सवै पक्षलाई धन्यवाद दिनु भयो । साथै बैंकिङ्ग व्यवसायको नयाँ क्षेत्र पहिचान गरि उक्त क्षेत्रमा सेवा विस्तार गरि वित्तीय व्यवसायलाई अझ अगाडी वढाउदै लैजानु पर्दछ भन्ने कुरामा प्राय सवै वक्ताहरुले बैंकको संचालक समितिको ध्यानाकर्षण गराउनु भयो ।

**११. छलफलमा सहभागी हुनेहरुको आ–आफ्नो विचार प्रस्तुतिकरण**

छलफलको क्रममा शेयरधनी वक्ताहरुले व्यक्त गर्नुभएको मन्तव्यलाई तल प्रस्तुत गरिएकोछ ।

**१. अमृत नाथ रेग्मी**

समयमा नै वार्षिक साधारण सभा गर्न सफल भएकोमा संचालक समिति तथा व्यवस्थापनलाई धन्यवाद व्यक्त गर्दछु । बैंक स्थापना भएको पाँच वर्ष पुगीसेकोले हामी संगै स्थापना भएका अन्य बैंकहरुसँग तुलना गरि आफ्नो स्थितिको मूल्याङ्कन गर्नु पर्ने देखिन्छ । Staff Cost अलि वढि देखिएकोछ त्यसलाई घटाएर ३० प्रतिशतमा झार्दा राम्रो हुन्छ । Market Share हाम्रो सानै छ तसर्थ कुवालाई संसार देख्नेकी पोखरीलाई देख्ने वा महासागरलाई संसार देख्ने हो सो तर्फ विचार गर्नु पर्ने देखिन्छ । आफ्नो व्यापार व्यवसाय विस्तर गर्न सहयोग पुग्ने गरि काठमाडौं देखि पूर्व र पश्चिम तर्फ एक/एक वटा क्षेत्रिय स्तरको सेन्टर स्थापना गर्नु व्यापारिक दृष्टिले राम्रो होला । व्यवसायीक सफलता हासिल गर्न बैकिङ्ग क्षेत्रका Morden Techonology अपनाउनु पर्ने देखिन्छ । बैंकिङ्ग क्षेत्रमा २४ घण्टा नै सेवा दिने बैंक नभएकोले आफ्ना ग्राहकहरुलाई २४ घण्टा नै सेवा प्रदान गर्ने पहिलो बैंक बनोस् भन्ने कामना गर्दछु ।

**२. व्यास कुमार शर्मा**

वार्षिक साधारण सभा भनेको बैंकको सम्पूर्ण कार्यको मुल्याङ्कन गर्ने समय हो । बैंक व्यवसायीक प्रस्तुतीमा खासै गुनासो छैन । आगामी दिनहरुमा अपनाउने कार्य पनि अझ राम्रो हुदै जानेछ भन्ने कामना गर्दछु । नगद लाभाशं सुरु देखिनै निरन्तर रुपमा दिदै आएको पक्कै पनि खुशीको खवर हो आगामी दिनहरुमा अझ बृद्धि हुदै जानेछ भन्नेमा आशावादी छु । Net Profit वढाउन सफल हुनु भएकोमा संचालक समिति र व्यवस्थापन समितिलाई धेरै वधाई दिन चाहन्छु । Totality मा Operating Cost घटाउनु पर्ने देखिन्छ । Profit को आकार मात्र वढाएर पुग्दैन Profit Ratio नै वढाउनु पर्ने देखिन्छ ।

**३. नर्सिंङ लाल चकु**

बैंकले लगानीकर्ताहरुको हितलाई ध्यान दिएकै देखिन्छ । यस वर्ष पनि ५.५३ प्रतिशत नगद लाभाशं र ५ प्रतिशत वोनस शेयर वितरण गर्न लागेकोमा संचालक समिति र व्यवस्थापनलाई धन्यवाद् दिन चाहन्छु । बैंकको नारा पनि राम्रै छ । आगामी दिनहरुमा अझ वढि मेहनत गरि नाफा आर्जन गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । समस्याहरुको समयमानै पहिचान गरि निराकरण गर्न आवश्यक ठोस कदम चाल्नु पर्ने देखिन्छ । बैंकको व्यवसायीकता हासिल गर्न कर्मचारी वर्गको विशेष योगदान रहने हुँदा कर्मचारी वर्गको चहना परिपूर्ति गर्ने तर्फ विशेष ध्यान दिई आवश्यक रचनात्मक कार्यहरु संचालन गरी कर्मचारी वर्गले सेवा प्रवेश गर्ने र छोटो अवधिमा नै सेवा छोडिजाने क्रमलाई घटाउने तर्फ विचार पुऱ्याउनु पर्ने देखिन्छ । सेवा विस्तार गर्ने क्रममा शाखा स्थापना गर्दा त्यसवाट हुने प्रतिफललाई पनि मूल्याङ्कन गर्नु पर्ने देखिन्छ । मार्केटिङ्ग रणनितिमा अझ चनाखो भई निति निर्माण गर्नुका साथै अन्य बैंकहरुले अवलम्वन गरेका राम्रा नितिहरुलाई पनि अध्ययन गरि राम्रा र प्रभावकारी नितिहरुलाई क्रमशः आत्मसाथ गर्दै लैजानु पर्ने देखिन्छ । आगामी दिनहरुमा संस्थागत सुशासनलाई अझ विशेष ध्यान दिई अगाडि बढौं । दीर्घकालिन योजनाका रुपमा तीन वर्षे योजना वनाएर अगाडि वढेमा अझ राम्रो र प्रभावकारी हुन्छ जस्तो लाग्दछ । हाइड्रो क्षेत्रमा अझ अलिकती प्रतिशत वढि लगानी वढाउन सुझाव दिन चाहन्छु ।

**४. मेजर कुबेर श्रेष्ठ**

यस बैंकको शेयरधनी भएकोमा म आफुलाई गौरवानीत भएको महशुस गरेको छु । सिटिजन्स बैंकको वासलात पारदर्शी पाएको छु यसका अतिरिक्त आगामी दिनहरुमा अन्य बैंकहरुका पनि वासलात हेरि राम्रा पक्षलाई अनुसरण गरिदिनु होला । बैंकले ५.५३ प्रतिशत नगद लाभाशं र ५ प्रतिशत वोनस शेयर वितरण गर्ने प्रस्ताव अत्यन्त राम्रो छ । आगामी दिनहरुमा अझै बृद्धि हुदै जानेछ भन्ने आशा गर्दछु । अध्यक्ष ज्यूको मन्तव्यमा संस्थागत खाताहरु घटाउने र व्यक्तिगत खाताहरु वढाउने तर्फ पहल गर्ने अभिव्यक्ति अत्यन्त स्वागत योग्य छ । बैंकको नाफा प्रतिशत वढाउन पऱ्यो समकालिन बैंकहरुमा यस बैंक नामका आधारमा पनि प्रथम स्थानमा रहनु पर्छ भन्ने हाम्रो मान्यता हो । संचित मुनाफामा बृद्धि गर्नु पर्ने देखिन्छ । बैंकको कायम रहेका ०.५ प्रतिशत शेयर भन्दा वढि शेयर खरिद गर्ने शेयरधनी साथीहरुको नाम र शेयर प्रतिशतका अतिरिक्त उहाँहरुको ठेगाना र सम्पर्क नम्वर समेत उल्लेख गर्ने व्यवस्था मिलाई दिए अझ राम्रो हुने थियो । बैंकले असुल गर्नु पर्ने व्याज यति ठूलो अंकमा देखिनु राम्रो होईन अर्को साल पनि यति ठूलो अंकमा नदेखियोस भन्ने सुझाव दिन चाहन्छु । कर्मचारी, कानूनी तथा आन्तरिक लेखा परिक्षणमा देखिएको खर्च वढि पाईएकोले यसलाई क्रमशः कम गर्ने तर्फ ध्यान दिईयोस । बैंकको नाम जस्तै नाम राखी सहकारी संस्थाहरु खोल्ने प्रचलन देखा परेकोले यस बैंकको नामसंग मिल्ने गरि सहकारी संस्था खोल्ने कार्यमा रोक लगाउन पहल गरियोस । वर्तमान अध्यक्षज्यूको पहलमा कम्तीमा पनि १० वर्षे Vison र Mission ल्याउने कार्य होस भन्ने कामना गर्दछु । पेन्सन Deposit Fund ल्याउन आवश्यक पहल गरियोस । Mega Project मा लगानी गरि दिर्घकालिन आम्दानीको श्रोत वनाउने तर्फ कोशिस गर्नु पर्ने देखिन्छ । बार्षिक साधारण सभामा सम्पूर्ण शेयरधनीहरु सहभागी हुने वातावरण सृजना गरियोस । यस बैंकवाट प्रदान गर्ने रोजगारीमा आफ्नै शेयरधनीहरुका संन्तानलाई विशेष ग्राहयता दिईयोस भन्ने सुझाव दिन चाहन्छु ।

**५. दिनेश राज पन्त**

बैंकले यस वर्ष पनि ५.५३ प्रतिशत नगद लाभांस र ५ प्रतिशत वोनस शेयर वितरण गर्न सफल भएकोमा संचालक समिति तथा व्यवस्थापनलाई धन्यवाद एवं वदाई दिन चाहन्छु । आगामी वर्षहरुमा अझै बृद्धि गर्दै लगौं । सकिन्छ भने नगद लाभाशं भोलि पर्सि देखिनै वितरण गर्ने व्यवस्था मिलाई दिए अझ राम्रो हुने थियो । विगत वर्षहरुमा प्रदान गरिएका लाभाशं रकम १ करोड भन्दा वढि बाँकी देखिएकोमा कुन कुन शेयरधनीहरुले लिन वाँकी रहेको हो सो को पहिचान गरि यथाशिघ्र ति शेयरधनीहरुलाई निजहरुले पाउने लाभाशं रकम वितरण गर्ने व्यवस्था मिलाई दिए धेरै राम्रो हुने थियो ।

**६. दामोदर रेग्मी**

बैंकको कार्य सम्पादनका हिसावले खासै चर्चा गरिरहनु पर्ने आवश्यकता देखिदैन समग्रमा राम्रै पाईएको छ भने नितिगत रुपमा केहि थप चर्चा गर्नु पर्ने देखिन्छ । बैंकले वितरण गर्न लागेको ५.५३ प्रतिशत नगद लाभाशं र ५ प्रतिशत बोनस शेयर गत वर्षको भन्दा अनुपातिक रुपमा खस्कीएको पाईयो । गत वर्षको तुलनामा प्रतिशतका हिसावले यस वर्ष कम देखिएको छ । विगत वर्षमा समकालीन बैंकहरुमा दोश्रो स्थानमा रहेकोमा यस पालि किन अझ तल्लो स्थानमा झरेको हो ? बैंकको स्तर बृद्धि गर्ने क्रममा यसका संचालक समितिका सदस्यहरु एवं व्यवस्थापन पक्षका उच्च पदाधिकारीहरुवाट व्यवसायीक दक्षता तथा विशेषज्ञता देखाईयोस भन्ने अनुरोध गर्दछु र आगामी दिनहरुमा अझ राम्रो गर्दै जाउँ भन्ने कामना गर्दछु ।

**७. अशोक उप्रेती**

बैंकिङ्ग व्यवसायका जोखिमहरु के के छन ? धेरै समस्याहरु छन् र त्यसको समाधान छैन भने विकल्पहरु के छ त्यसमा ध्यान दिईयोस् । बैंक मर्जर सम्वन्धि संचालक समितिको अवधारण के छ सो सम्वन्धमा स्पष्ट पारिदिनुहुन अनुरोध गर्दछु ।

**८. इन्द्र कृष्ण श्रेष्ठ**

समयमानै वार्षिक साधारण सभा गर्न सफल भएकोमा एवं यसपाली सवैलाई पायक पर्ने स्थान नेपाल प्रज्ञा प्रतिष्ठानमा वार्षिक साधारण सभा संचालन गरेकोमा संचालक समिति तथा व्यवस्थापनलाई धन्यवाद व्यक्त गर्दछु । तुलनात्मक रुपमा बैंक निक्षेप संकलनमा अझ वढि ध्यान दिनु पर्ने जस्तो लाग्दछ । यस वर्ष पनि बैंकले आफ्ना लगानी कर्ताहरुलाई ५.५३ प्रतिशत नगद लाभाशं तथा ५ प्रतिशत बोनस शेयर वितरण गर्न लागेकोमा पुनः एकचोटि धन्यवाद दिन चाहन्छु ।

**९. डमरु बल्लभ घिमिरे**

यस बैंकका गरिएको लगानीको प्रतिफल स्वरुप हालसम्म ३३ प्रतिशत नगद लाभाशं पाईसकिएको हुँदा यसको लागी म संचालक समिति तथा व्यवस्थापनलाई धन्यवाद दिन चाहन्छु । ऋण असुली गर्ने कार्यमा अझ वढि सजकता देखाईयोस भन्ने सुझाव दिन चाहन्छु । वार्षिक प्रतिवेदनको पेज नं. २० मा ०.५ भन्दा वढि स्वामित्व भएको शेयरधनीको विवरणमा संस्थापक र सर्वसाधारण समूहका शेयरधनी भनी छुट्याई दिएको भए अझ राम्रो हुने थियो । आगामी वर्ष तयार गर्ने वार्षिक प्रतिवेदनमा समूह छुट्याईदिने व्यवस्था मिलाईयोस भन्ने कामना गर्दछु । वार्षिक साधारण सभामा सम्भव भए सम्म शाखा प्रवन्धकहरुलाई पनि सहभागी गराउने व्यवस्था मिलाईयोस जसले गर्दा बैंकका शेयरधनीहरुलाई पहिचान गर्न सजिलो हुने र बैंकको सेवा लिन अझ वढि सजिलो हुने थियो । बैंक मर्जरको सुनामी आईरहेको सन्दर्भमा यस बैंकको मर्जर सम्वन्धि अवधारण के छ सभामा स्पष्ट पारिदिन अनुरोध गर्दछु । वार्षिक साधारण सभा गर्ने स्थान नजिक राखिदिएकोमा पुनः एक चोटि धन्यवाद दिन चाहन्छु ।

**१०. शिव प्रसाद शर्मा**

समयमानै वार्षिक साधारण सभा गर्न सफल भएकोमा संचालक समिति तथा व्यवस्थापनलाई धन्यवाद व्यक्त गर्दछु । बैंकमा Team Work मिलेको छ तर पनि अन्तराष्ट्रिय व्यक्तित्व अध्यक्ष हुनु भएता पनि नाम अनुसारको काम भएको पाईएन । बैंकले आफ्ना लगानी कर्ताहरुलाई ५.५३ प्रतिशत नगद लाभाशं तथा ५ प्रतिशत बोनस शेयर वितरण गर्न लागेको साथै वासलात पारदर्शी भएकोमा धन्यवाद दिन चाहन्छु । लगानी अनुसारको प्रतिफल नभएकोमा गुनासो व्यक्त गर्दछु । वार्षिक प्रतिवेदनमा भावी कार्यक्रममा Target नभएको पाईयो । खर्चको अनुपातमा नाफामा बृद्धि हुनै पर्दछ । बैंकको शाखा विस्तार गर्दा स्थानिय वासिन्दालाई विश्वास दिलाउने तर्फ ध्यान दिनु पर्दछ र खर्चको अनुपातलाई पनि आवश्यक मूल्याङ्कन गर्नै पर्दछ । वासलातमा अन्य संचालन खर्चको तुलनामा अन्य संचालन आम्दानी कम पाईयो यो के कति कारणले भएको हो ? कृषि र जलस्रोतमा लगानी कम गरिएको देखिएकोले यस क्षेत्रमा पनि लगानीको अनुपात वढाउन पर्ने देखिन्छ । गत वर्ष असुल गर्नु पर्ने रकम ५ करोड रहेकोमा यस वर्ष वढेर १० करोड भन्दा वढि पुगीसकेको छ यसमा उचित ध्यान दिई आगामी वर्षहरुमा न्यूनीकरण गर्न पहल गरियोस । वार्षिक प्रतिवेदनमा आगामी वर्षको लगानी र नाफाको अनुपात देखाई दिएको भए अझ राम्रो हुने थियो । बैंकले संचालन आम्दानी वढाउन सक्नु पर्दछ र सोहि आम्दानी वाट नै प्रतिफल दिने तर्फ विशेष ध्यान दिनु पर्दछ ।

**११. उद्धब प्रसाद घिमिरे**

समयमानै वार्षिक साधारण सभा गर्न सफल भएकोमा संचालक समिति तथा व्यवस्थापनलाई धन्यवाद दिन चाहन्छु । लगानी कर्तालाई यस वर्ष १०.५३ प्रतिशत लाभाशं दिनुभएकोमा अगामी वर्षमा अझ यस भन्दा वढि दिने तर्फ प्रयास गर्नु पर्ने देखिन्छ । विल पर्चेजमा खर्च वढेको छ त्यस्तै गरि कर्मचारीलाई दिईएको कर्जा सापटिमा किन धेरै बृद्धि भएको हो ? वासलात राम्रो र पारदर्शी पाईएको छ । वार्षिक प्रतिवेदनमा विषय सूचि समेत राखिदिएको भए अझ राम्रो हुने थियो । अन्य कम्पनीको भन्दा आफ्नै मौलिकपन भएको वनाईयोस भन्ने सुझाव दिन चाहन्छु । बैंकको Over All Cost वढेको छ के कति कारणले हो ? बैंकको लिक्युडिटीको अवस्था राम्रो हुनै पर्दछ । आगामी वर्षमा २० प्रतिशतमा नघटाई लाभाशं दिन सकोस भन्ने कामना गर्दछु । आजको प्रतिस्पर्धात्मक बजारमा सजकताका साथ बैंकले कार्य सम्पादन गर्दै लगोस भन्ने सुझाव दिन चाहन्छु ।

**१२. रोज कुमार श्रेष्ठ**

बैंकले आफ्ना लगानी कर्ताहरुलाई ५.५३ प्रतिशत नगद लाभाशं तथा ५ प्रतिशत बोनस शेयर वितरण गर्न लागेकोमा बैक प्रगतीको पथमा नै छ तर आफ्ना समकालिनहरुसंगको तुलनामा केहि खस्केकै छ भन्ने ठान्दछु । बैंकको रियल स्टेट र क्रशर उद्योगमा लगानीको अवस्था के कस्तो छ ? अब शाखा विस्तार गर्ने कार्यमा केहि समय पर्खिए राम्रै हुन्छ की ? संचालन आम्दानीमा १३ प्रतिशत बृद्धि र संचालन खर्चमा ३३ प्रतिशत बृद्धि भएको अवस्था राम्रो होईन ।

**१३. राम मान श्रेष्ठ**

बैंकको चुक्ता पूँजी गत वर्षको भन्दा दोब्वर भएको छ । बैंकले लगातार तीन वर्ष देखि १० प्रतिशत भन्दा वढिले लाभाशं दिईरहेको छ यसलाई आगामी वर्षमा पनि निरन्तरता दिईनै रहोस भन्ने कामना गर्दछु । बैंकले छिट्टै नै आफ्ना ग्राहकहरुका माझ Visa Card ल्याउन लागेकोमा धन्यवाद दिन चाहन्छु । लेखा समितिले लिएको पारिश्रमीक पनि वार्षिक प्रतिवेदनमा देखाईयोस् । बैंकको निष्कृय कर्जामा बृद्धि भएको देखिन्छ के कति कारणले यस्तो हुन गएको हो ? बैंकका कुन कुन शाखावाट के कति आम्दानी र खर्च भएको छ सो को स्पष्ट जवाफ पाउने आशा गर्दछु । बैंकले वेला वेलामा नेपाल राष्ट्र बैंकवाट प्राप्त गर्ने चिठ्ठीको जवाफहरुपनि वार्षिक प्रतिवेदनमा राखीदिनु हुन अनुरोध गर्दछु । बैंकले प्रदान गरेका लिन वाँकी लाभाशं भएका शेयरधनीहरुको पहिचान गर्न सजिलोका लागी बैंकको सूचना पाटिमा नाम प्रकाशित गरिदिनु हुन अनुरोध गर्दछु ।

**१४. सुधीर श्रेष्ठ**

समयमा नै वार्षिक साधारण सभा गर्न सफल भएको तथा आफ्ना लगानी कर्तालाई यस वर्ष १०.५३ प्रतिशत लाभाशं दिनुभएकोमा संचालक समिति तथा व्यवस्थापनलाई धन्यवाद दिन चाहन्छु । निक्षेप संकलनमा अझ बृद्धि गर्न आफ्ना ग्राहक वर्गलाई Extra Service दिने क्रममा Value Add का रुपमा अन्य के कस्ता सुविधा दिन सकिन्छ त्यसतर्फ पनि ध्यान दिए अझ राम्रो हुने थियो की ? आफ्ना ग्राहकलाई बैंक व्याजदर घटे वढेको SMS मार्फत जानकारी दिने व्यवस्था मिलाउन अनुरोध गर्दछु । गत वर्षको तुलनामा खर्च वढेको देखिदा संचालन आम्दानीबाट नै खर्चको अनुपात मिलाउने तर्फ ध्यान दिईयोस । ग्राहक वर्ग तथा शेयरधनीहरुलाई website को प्रयोग गर्ने व्यवस्था मिलाउन सके राम्रो हुने थियो साथै website मा Feedback को Part लाई पनि समावेश गरि दिने व्यवस्था मिलाए बैंक, ग्राहक तथा शेयरधनी विच अझ सुमधुर सम्वन्ध कायम हुने थियो ।

**१५. ईश्वर दास कर्माचार्य**

बैंकका संचालक, प्रमुख कार्यकारी अधिकृत एवं उच्च पदाधिकारीहरु विच कुनै किसिमको विवाद नभई एकता कायम रहेको कारणले यस वर्ष पनि १०.५३ प्रतिशत नगद लाभाशं र वोनस शेयर पाईएको हो भन्ने लाग्दछ । खराव कर्जाको Provision गर्दा आम्दानीमा असर पर्ने भएकोले यस सम्वन्धमा बैंकको धारण के रहेकोछ । विदेशी मुद्राको अवमूल्यन गर्दाघाटा पर्न गएको देखिएको छ Risk Management मा ध्यान दिनै पर्दछ । Capital Base को आधारमा मात्र राम्रो भएर मात्र भएन Ratio को आधारमा पनि राम्रो हुनु पर्दछ । अरु बैंकहरुको दाँजोमा हामी अलि कमजोर देखिएकाले यस तर्फ ध्यान दिनुपर्ने देखिन्छ । निक्षेप संकलन गर्नु र व्याजमा लगानी गर्नुत सामान्य कुरा हो यस देखि वाहेक अन्य क्षेत्रमा पनि ध्यान दिनुपर्दछ भन्ने लाग्दछ । Operating Income हरेक साल बृद्धि गर्दै लैजानु पर्दछ ।

**१६. कृष्ण प्रसाद कश्यप अधिकारी**

वार्षिक साधारण सभा सम्पन्न भएकोमा धन्यवाद दिन चाहन्छु । आगामी वर्षमा कम्तीमा पनि २५ प्रतिशत लाभाशं वितरण गरियोस भन्ने आशा गर्दछु । गत वर्षको भन्दा यस वर्ष २.४८ प्रतिशत वढि नाफा देखिएता पनि बैंकले प्रदान गर्ने सेवामा केहि खस्किएको हो की भन्ने लाग्यो । Visa Card सेवा शुरु गर्न लागिएको राम्रो पक्ष हो । यस बैंकमा २७ प्रतिशत महिला कर्मचारी सेवारत रहेको राम्रो कुरा हो आगामी दिन अझै बृद्धि गर्दै लगियोस । हुम्ला जस्तो विकट ठाँउमा शाखा विस्तार गरि सेवा प्रदान गरेकोमा धन्यवाद दिन चाहन्छु । बैंकका संचालक तथा व्यवस्थापकमा राम्रा र आगामी दिनमा अझ बृद्धि गर्दै लगियोस भन्ने कामना गर्दछु । वार्षिक प्रतिवेदन प्रकाशन गर्दा शुद्धतामा ध्यान पुऱ्याउन पर्ने देखिन्छ ।

**१७. नारायण सुन्दर श्रेष्ठ**

बैंकको समग्र क्षेत्रमा सुधार गर्न आवश्यक पूर्वाधार तय गर्ने तर्फ विशेष ध्यान दिईयोस । शेयर माफियाहरुको विगविगी वढेको वर्तमान परिप्रेक्षमा नियमन निकायमा पनि कैफियत रहेको पाईन्छ । शेयरधनीहरुलाई सभामा उपस्थित हुनका लागी Traveling खर्च दिने व्यवस्थालाई पुनः कायम गर्ने तर्फ पहल गरिदिए राम्रो हुने थियो । बैंकको आगामी आ. ब. का लागी लेखा परिक्षक नियुक्ति गर्न कम्तीमा २ जना लेखा परीक्षकको नाम सिफारिस गरिनु पर्दछ । लगानीको आधारमा प्रतिफल बृद्धि हुनु पर्दछ । बैंकवाट गरिने खर्च ७० प्रतिशत भन्दा  नाध्न हुदैन भने आम्दानी ३० प्रतिशतमा घट्न हुदैन । आम्दानीको प्रतिशत वढाउन सक्नु पर्दछ । बैंकको संचित कोष अर्थात ढुकुटी वलियो वनाउन तर्फ पहल गर्नु पर्दछ । बैंकको ढुकुटी रित्तो वनाउने काम नगरियोस, ढुकुटी वलियो भएन भने १५/१६ वर्षमा बैंकको हालत खराव हुनेछ । लगानी कर्ताको लगानी सधै सुरक्षित हुनै पर्दछ । कर्मचारी बृद्धि भएका कारणले बैंकको आम्दानीमा असर पर्नु हुदैन । Staff Cost मा बृद्धि भएको पाईयो यसलाई कम गर्ने तर्फ ध्यान दिनु पऱ्यो ।

**१२. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञांशा एवं प्रश्नहरुको जवाफ**

बैंकका अध्यक्षज्यूले बैंक Public मा गए पछिको यो तेश्रो बार्षिक साधारण सभा भएको व्यहोरा जानकारी गराउँदै वार्षिक प्रतिवेदनमा भएका त्रुटिहरु देखाउनुभएकोमा शेयरधनीहरुलाई धन्यवाद दिदै सुझावहरु स्वीकार्य भएको र उक्त सुझावहरु लाई मध्यनजर गर्दै आगामी वर्षमा यस्ता गल्तीहरु नदोहोरीने प्रतिबद्धता जाहेर गर्नुभयो । साथै अध्यक्षज्यूले आत्मा आलोचनाले आफूलाई नै अझ वढि सक्षम वनाउन सहयोग गर्दछ त्यसैले शेयरधनी महानुभावहरुले गर्नु भएको टिका टिप्पणी तथा दिनु भएका सल्लाह सुझावहरुलाई प्रेरणाको श्रोत सम्झी आगामी दिनहरुमा अझ प्रगतीको पथमा अगाडी वढ्दै जाने व्यहोरा प्रष्ट पार्नुभयो । प्राय सवै वक्ताहरुले Overhead Cost बृद्धि भएकोमा टिप्पणी गर्नु भएको छ तसर्थ आगामी दिनहरुमा यसलाई कम गर्ने तर्फ विशेष ध्यान दिईनेछ । बैंकवाट भएको खर्चलाई पनि लगानीकै रुपमा लिनु पर्दछ । Long-Term Planning बनाउन शुरुवात गरिसकिएको छ । समकक्षीय तथा समकालिन बैंकहरु मध्ये अझ उत्कृष्ट हुन आगामी दिनहरुमा हामी प्रयासरत रहनेछौं भन्ने विश्वास दिलाउछौं । बैंकका शेयरधनीहरुले आश गरे वमोजिमको मुनाफा वितरण गर्न नसकिएकोमा आगामी दिनहरुमा अझ शसक्त रुपमा कार्य गर्दै लगिने छ । खर्च बृद्धि भएको विशेष परिस्थितिवश वढेको हो यो प्रवृति होईन खर्च कटौती गर्न हामी सधै सचेत छौं । नाम अनुसारको काम हुन पऱ्यो भन्ने कथनलाई सार्थक वनाउन हामी सधै कटिवद्ध रहेको जानकारी गराउदछौं आगामी दिनहरुमा शेयरधनीहरुले यसको प्रत्यक्षरुपमा अनुभव गर्नु हुनेछ । बैंकको आम्दानी वढाउनु र खर्च घटाउनु पऱ्यो भन्ने नितान्त जायज कुरा हो यस तर्फ हामी आगामी दिनहरुमा प्रभावकारी कार्यहरु गर्दै लैजानेछौं ।

बैंकले रियल स्टेटमा २२ प्रतिशत र जग्गामा १४ प्रतिशत मात्र लगानी गरिएको छ । त्यस्तै NPA मा १.१७ प्रतिशत रहेको छ यसलाई ऋणी फरार भएको आधारमा Provision गरिएको हो यधपी धितो हामीसगै सुरक्षित रहेकोछ । बैंकको समग्रमा भन्ने हो भने Growth को स्थितिमा नै रहेकोछ । L. C. को भुक्तानीका लागी धितो स्वरुप विदेश स्थित Standard Chattered Bank मा खाता खोली रकम राखिएको हो । बैंक मर्जर गर्ने तर्फ हाल सम्म कुनै सोच नरहेको जानकारी गराउदछौं । वहाँले आगामी वर्षहरुमा अझै राम्रो Performance गर्दै लाभांश Consistent हुने  कुरामा शेयरधनीहरुलाई विश्वस्त हुन आग्रह गर्नुभयो । साथै बैंकको आगामी रणनीतिको बारेमा आगामी दिनहरुमा फेरी शेयरधनी महानुभावहरुसंग छलफल गरिने व्यहोरा जानकारी गराउनुभयो । वक्ताहरुको प्रश्नको जवाफ दिने क्रममा खर्च घटाउने, आम्दानी बढाउने तथा बैंकको मुनाफा बृद्धि गर्नुपर्ने जस्ता सुझावहरुलाई मनन गर्ने बताउनु भयो । साथै संचालक श्री प्रदीप जंग पाण्डेले आगामी दिनहरुमा लगानीकर्ता शेयरधनी महानुभावहरुलाई वितरण गर्ने लाभाशंमा क्रमिक रुपमा बृद्धि गर्दै लगीने सम्वन्धमा विश्वस्त पार्नु भयो ।

साथै Real State र क्रशर उद्योगमा प्रवाह गरिएको कर्जाका सम्बन्धमा प्रष्ट पार्दै वहाँले बैंकको कर्जाको गुणस्तर उच्च स्तरका भएकोले शेयरधनी महानुभावहरुलाई निश्चिन्त हुन आग्रह गर्नुभयो । साथै वहाँले उक्त क्षेत्रमा प्रवाह गरिएका तथा अन्य कर्जाहरुलाई सञ्चालक समिति तथा कर्जा समितिले नियमित अनुगमन गरिरहेकोले चिन्ता लिनुपर्ने कुनै स्थिति नभएको व्यहोरा जानकारी गराउनु भयो ।

**१३. सभाको निर्णय**

**(क) छलफलका लागि निर्धारित प्रस्तावहरु तर्फ**

**(क) साधारण प्रस्तावहरु**

**१. अध्यक्षज्यूको मन्तव्य तथा संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।**

सभामा प्रस्तुत आ.व. २०६७६८ को सञ्चालक समितिको प्रतिवेदन सभापतिज्यूले अनुमोदनको लागि सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट अनुमोदन गरि पारित गर्ने निर्णय गऱ्यो ।

**२. लेखापरीक्षकको प्रतिवेदनसहित २०६८ आषाढ मसान्तको वासलात र मिति २०६७/०४/०१ देखि २०६८/०३/३२ सम्मको नाफा नोक्सानीको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु स्वीकृत गर्ने ।**

लेखा परिक्षकको प्रतिवेदन सहितको २०६८ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६७६८ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण पारित गरियोस् भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

**३. संचालक समितिबाट प्रस्ताव गरे अनुसार ५.५३ प्रतिशत नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।**

सभामा प्रस्तुत सञ्चालक समितिवाट ५.५३ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव गरिएको हुँदा उक्त प्रस्तावलाई स्वीकृत गरियोस भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

**४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०६८२६९ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिले सिफारीस गरे बमोजिम आ.व. २०६८।६९ को लागि लेखा परीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले लेखापरीक्षण समितिले सिफारीस गरे बमोजिम बैंकका लेखा परीक्षकमा श्री एस आर पाण्डे एण्ड कम्पनी, चार्टड एकाउन्टेन्सलाई नियुक्त गर्ने र निजको पारिश्रमिकको हकमा लेखापरीक्षण शुल्क, कर लेखापरीक्षण शुल्क, लङ्गफर्म अडिट रिपोर्ट तयार गरेवापतको शुल्क र कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिम प्रतिवेदन समेत तयार गरे बापत एकमुष्ट रुपमा रु. २,७५,००० (मूल्य अभिबृद्धि कर बाहेक) अर्थात कूल रु. ३,१०,७५०।- (अक्षरेपी रु. तीन लाख दश हजार सात सय पचास मात्र) पारिश्रमिक निर्धारण गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**५. संस्थापक शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने समूह “क” अर्न्तगत उप–समुह १,२,३ र ४ को संचालकहरुको निर्वाचन गर्ने ।**

संस्थापक शेयरधनीहरुको समूह **“क”** को उपसमूह १,२,३ र ४ बाट संचालक समितिमा प्रतिनिधित्व गर्न एक/एक जना संचालकका लागी भएको निर्वाचनमा प्रत्येक उपसमूहवाट एक/एक जनाको मात्र उम्मेदवारी परेकाले समूह **“क”** को उपसमूह १,२,३ र ४ मा क्रमशः उपसमूह १ मा श्री अविनाश पंत, उपमूह २ मा श्री प्रदीप जंग पाण्डे, उपसमूह ३ मा श्री पवित्र कुमार कार्की र उपसमूह ४ मा नागरिक लगानी कोषका तर्फवाट श्री अर्जुनलाल राजबंशी निर्विरोध निर्वाचित हुनु भएकोले उक्त निर्वाचनको परिणामलाई सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।

**(ख) विशेष प्रस्ताव ।**

**१. संचालक समितिबाट प्रस्ताव गरे अनुसार ५ प्रतिशत वोनस शेयर वितरण गर्न स्वीकृत गर्ने ।**

सभामा प्रस्तुत सञ्चालक समितिवाट ५ प्रतिशत वोनस शेयर वितरण गर्ने प्रस्ताव गरिएको हुँदा उक्त प्रस्तावलाई स्वीकृत गरियोस भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट सो विशेष प्रस्तावलाई पारित गर्ने निर्णय गऱ्यो । साथै यसरी वोनश शेयर वितरण गर्दा कुनै शेयरधनीले पाउने वोनश शेयर खण्डिकृत हुन आएमा नपुग रकम सम्वन्धित शेयर धनीले पाउने नगद लाभांशवाट कट्टा गरी विद्यमान ७०:३० पुँजी संरचना परिवर्तन नहुने गरी पुणकृत शेयर जारी गर्ने सम्वन्धि अख्तियारी संचालक समितिलाई दिने निर्णय गरियो ।

**(ग) विविध**

विविध अन्तर्गत छलफलका लागी अन्य विषय नभएकोले साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए वमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणीत गर्ने र बुझाउनु पर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणीत गरि प्रतिलिपी वुझाउने व्यहोरा सभालाई जानकारी गराईयो ।

**१४. धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहाँहरुबाट आवश्यक मार्गदर्शन प्राप्त भएकोमा तथा पाँचौं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु, सफतला पूर्वक निर्वाचन कार्यक्रम सम्पन्न गर्नु भएकोमा निर्वाचन अधिकृत तथा अन्य उपस्थित सबै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै अपरान्ह २:४५ बजे सभा विसर्जन गर्नुभयो ।

-------------

**गणेशराज पोखरेल**
कम्पनी सचिव

-----------------

**कूलचन्द्र गौतम**
अध्यक्ष